# <u>बजेट वक्तव्य</u>

**आदरणीय नगर सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू**

**उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु**

१. आज हामी यस पाँचौं नगर सभामा चन्द्रागिरि नगरपालिकाको समुन्नत भविष्यका लागि दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौं । चन्द्रागिरि नगरपालिकाको उप-प्रमुखको हैसियतले यो सम्मानित नगर सभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरिरहेको छु । यस महत्वपुर्ण अवसरमा देश र जनताको उज्वल भविष्यका लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

२. नेपालका वीर शहिदको वलिदानले जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । यस अवसरलाई सही सदुपयोग गर्न सके शहिदहरु प्रति सच्चा श्रद्धान्जली हुनेछ। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको समन्वय तथा सहकार्यबाट स्रोत, साधन र अवसरको सृजना गरी सोको परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला हामी आफैले तयार गर्नु आजको चुनौतीको रुपमा रहेको छ । नेपाल सरकारले लिएको ***“समृद्ध नेपाल, सुखी नेपाली”*** को आकांक्षालाई साकार पार्न स्थानीय तह, प्रदेश र संघको समन्वय तथा सहकार्य अनि स्थानीय तहको आफ्नो स्पष्ट नीति र सो नीति अनुकूलका बजेट तथा कार्यक्रमहरुमा हुनु अति आवश्यक रहेको छ ।

३. विश्वभर फैलिरहेको कोभिड १९ कोरोना भाईरसको प्रकोपबाट हाम्रो देश पनि प्रभावित भएको छ । कोरोना संक्रमणबाट चन्द्रागिरि नगरवासीलाई सुरक्षित राख्न र प्रभावलाई कम गर्नका लागि चालु आ.व २०७६/०७७ को तेस्रो चौमासिकमा लकडाउनको व्यवस्थापन, राहत वितरण, क्वारेन्टिन निर्माण र व्यवस्थापन, नगरपालिका सिल गर्ने, उपत्यका प्रवेशद्धार यसै नगरपालिका रहेको कारण गाडि प्रवेश र निष्काशन विन्दुमा स्वास्थ्य जाँचका कार्यहरु घरदैलो कार्यक्रम, कोरोना परिक्षण लगायतका विविध गतिविधि संचालन गरियो । यस क्रममा चालु आ.व. का थुप्रै योजना कार्यक्रमहरुमा विनियोजित बजेट रकमान्तर गरी कोरोना व्यवस्थापनमा खर्च गर्नुपरेको छ । कोरोनाको संक्रमण

आगामी वर्षहरुमा पनि निरन्तर हुने देखिएको हुँदा आगामी आ.व. २०७७/०७८ मा सो संग सम्वन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिएको छ । यसै गरि विगत वर्षहरुमा जस्तै नगरवासीहरुको चाहना बमोजिम भौतिक पुर्वाधार निर्माणका कार्यहरुमा आगामी आ.व. मा पनि प्राथमिकता दिइएको छ । ***"ऐतिहासिक साँस्कृतिक नगरी-समृद्ध पर्यटकीय चन्द्रागिरि"*** नारालाई व्यवहारमा उतार्न सम्भव भए सम्मका योजना कार्यक्रमहरुलाई पनि समावेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

अब म यस नगरसभा समक्ष आर्थिक वर्ष २०७७/०७८ सालका लागि प्रस्ताव गरिएको बजेट तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

१. **आय अनुमानः** आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि आन्तरिक आय तर्फ नगरपालिकाको आफ्नै श्रोतबाट रु. २४,५१,५०,०००।०० (चौविस करोड एकाउन्न लाख पचास हजार), घर जग्गा रजिष्ट्रेशन बाँडफाँडबाट रु. २८,००,००,०००।०० (अठाईस करोड) गरी कूल राजश्व आय रु. ५२,५१,५०,०००।०० (बाउन्न करोड एकाउन्न लाख पचास हजार), अन्तर सरकारी श्रोत तर्फ संघीय सरकारबाट वित्तिय हस्तान्तरण रु. ६६,३५,१९,६९०।०० (छैसठ्ठी करोड पैंतिस लाख उन्नाईस हजार छ सय नव्वे, प्रदेश सरकारबाट रु. १२,८५,२६,०००।०० (बाह्र करोड पचासी लाख छब्विस हजार), सामाजिक सुरक्षा भत्ता तर्फ कुल रु. १५,००,००,०००।०० (पन्ध्र करोड) र अन्य निकाय (जिल्ला समन्वय समितिबाट भवन निर्माण) रु. ६,२०,१७,९०९।०० (छ करोड विस लाख सत्र हजार नौ सय नौ) गरी जम्मा रु. १,४९,६२,१६,५९९।०० ( एक अर्व उनन्पचास करोड वैसठ्ठी लाख सोह्र हजार पाँच सय उनान्सय) को आय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचिहरुमा समावेश गरिएको छ ।

२. **व्यय अनुमानः** माथि उल्लेखित अनुमानित आयको परिधिमा रही आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि चालु तर्फ ७४,१२,०६,५९९।०० (चोहत्तर करोड बाह्र लाख छ हजार पाँच सय उनान्सय) , पूँजिगत तर्फ ६०,५०,१०,०००।०० (साठी करोड पचास लाख दश हजार) र सामाजिक सुरक्षा तर्फ रु. १५,००,००,०००।०० (पन्ध्र करोड) गरी कुल जम्मा रु. १,४९,६२,१६,५९९।०० ( एक अर्व उनन्पचास करोड वैसठ्ठी लाख सोह्र हजार पाँच सय उनान्सय) को व्यय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचिहरुमा समावेश गरिएको छ ।

**अन्त्यमा,**

यस ऐतिहासिक साँस्कृतिक नगरीको विकास र समृद्धिका लागि निरन्तर सहयोग, सद्भाव राख्नुहुने सम्पूर्ण नगरवासी महानुभावहरु, करदाता महानुभावहरु, विकासका योजना कार्यक्रमका साझेदार सरकारी, सामुदायिक तथा निजी संस्थाहरु लगायत सवैमा हार्दिक आभार प्रकट गर्दछु । बजेटको सफल कार्यान्वयनमा सवै पक्षहरुको साथ र सहयोगको अपेक्षा गर्दै यो संक्षिप्त बजेट वक्तव्य अन्त्य गर्दछु ।

**धन्यवाद !**